# मायादेवी गाउँपालिका

# गाउँकार्यापालिकाको कार्यालय

## बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।

## कवाडी कर संकलन ठेक्का सम्बन्धी बोलपत्र पत्र

*मायादेवी, रुपन्देही*

प्रस्ताव फाराम नं.०५

आ.व. २०८३/०८४

मायादेवी गाउँपालिका

# गाउँकार्यापालिकाको कार्यालय

बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।

## बोलपत्र

कवाडी कर संकलन सम्बन्धी बोलपत्र आव्हान (मायादेवी गा.पा.-, रुपन्देही ०५- मायादेवी आय -२०८३/०८४) दरभाउ फाराम दस्तुरः- रु.३०००/-

| क.सं. | ठेक्काको विवरण | न्युनतमतम ठेक्का अंक रु.( मु.अ.कर र अन्य कर बाहेक) | कबोल गरेको रकम रु. (मु.अ.कर र अन्य कर बाहेक) | | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अङ्कमा रु. | अक्षरमा रु. | | |
| १. | कवाडी कर संकलन | रु रु. ३३५७७०२<br>अक्षरेपी:- तेत्तिस लाख सन्ताउन्न हजार सात सय दुई । | | | | |

संलग्न दररेट ठेक्काका शर्तहरु पालना गरी उक्त कबुल गरेको ठेक्का अंक (मु.अ.कर र अन्य कर समेत) मा काम गर्न मन्जुर छु भनी सही छाप गर्नेः-

प्रस्तावदाताको फर्मको नामः-

प्रोप्राईटरको नामः-

बाबुको नामः-

बाजेको नामः-

ठेगानाः-

सम्पर्क फोन नं:

बोलपत्र दाखिला गर्ने अन्तिम मितिः-

बोलपत्र खोलिने मिति र समयः-

बोलपत्र दाखिला तथा खोल्ने स्थानः-

प्रस्तावदाताको सही छापः

मितिः

प्रमुख प्रशासकीय अधिकृत

मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बरेवा, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

पत्र संख्याः- २०८२/०८३
चलानी नं.:- ९६

मितिः-२०८३/०३/२३

## आ.व.२०८३/०८४ को लागि आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) तथा कवाडी कर संकलन सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३ असार २३ गते

मायादेवी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को आन्तरिक आय संकलनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आन्तरिक आय सङ्कलनको लागि तपसिल बमोजिमको बिभिन्न शिर्षकहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक सप्लायर्स, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।अन्य थप जानकारीका लागि गाउँकार्यपालिकाको सूचनापाटी वा वेभसाईट www.mayadevimunrupandehi.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यापालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| | ठेक्का नं | ठेक्का विवरण | ठेगाना | न्यूनतम कबोल अङ्क कर बाहेक | धरौटीः कबोल अङ्कको ५ प्रतिशत रकमको बैङ्क भौचर वा सो वरावरको बैङ्क जमानत | दरभाउ दस्तुर रु | ठेक्का अवधी |
|---|---|---|---|---|---|---|---|
| १ | ५/मायादेवी आय २०८३/०८४ | कवाडी कर संकलन | मायादेवी गा.पा | ३३,५७,७०२ | | ३००० | १ वर्ष मात्र |

१. फर्मको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित बोलपत्र फाराम दस्तुर वापत को रकम प्राईम कमर्सियल बैङ्क लिमिटेडमा मायादेवी गाउँपालिकाको नाममा रहेको राजश्व खाता नं. ०६४०१००००००१५७००११९ मा ठेक्का नं. र बोलपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए वमोजिमको दरभाउपत्र दस्तुर वापतको रकम दाखिला गरेको बैङ्क भौचर पेश गरी *www.ppmo.gov.np* खरिद गर्न सकिनेछ ।

२. बोलपत्र दाखिला गर्दा बोलपत्र खरिद दस्तुर रसिदलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले २२ औं दिन दिउँसो १२ बजे सम्म दाखिला गर्नु पर्नेछ र १ बजे बोलपत्र खोलिनेछ। साथै सो दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता गरिने र खोलिने छ ।

३. बोलपत्रदाताले बोलपत्र फारमको बाहिर पट्टी ठेक्का नं., ठेक्का विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

४. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई अधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी बापत यस मायादेवी गाउँपालिकाको कार्यालय,बरेवा, रुपन्देहीको नाममा रहेको प्राईम कर्मिसयल बैङ्क, बेथरी शाखाको खाता नं .०६४०१०००००००१६५००११२ धरौटी खातामा रकम जम्मा गरेको भौचर सक्कल प्रति वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंक बाट जारी गरिएको कम्तिमा १२० (एक सय बीस दिन) मान्य हुने बिडबण्डको सक्कल प्रति पेश गरेको हुनु पर्नेछ

५. बोलपत्र स्वीकृत भए पश्चात कबोल गरेको रकम र सो मा लाग्ने कर दाखिला गरी आवश्यक कागजात सहित कार्य सम्झौताको लागि यस कार्यलयमा सम्पर्क राख्नु पर्नेछ ।

६. बोलपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दर्ता भएको शिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुनेछैन।

७. रितपूर्वक दाखिला भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार हुने छैन ।

८. अन्य शर्तहरु प्रचलित ऐन, कानुन, नियममानुसार हुनेछन ।

## कवाडी कर संकलन तथा निकासी ठेक्का सम्बन्धी थप शर्त

१. ठेक्का सम्झौता गर्दा कवोल रकम अग्रीम एकमुष्ठ रुपमा वा दुई किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता रकम र कर संझौता गर्नु अघि र बाँकी दोश्रो किस्ता रकम बरावरको राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकबाट जारी गरिएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ । दोश्रो किस्ता रकम २०८३ साल मंसिरसमान्त भित्र बुझाउनु पर्नेछ ।

२. स्वदेशमा स्थापना भएका उद्योगहरुले जे जस्तो अवस्थामा छ सोही रुपमा पुनः प्रयोग (Re-Use) गर्ने र प्रशोधन गरी पुनः प्रयोग हुन सक्ने कवाडी सामानहरु सम्वन्धित व्यक्ति/मालधनीको अनुमतिमा मात्र सङ्कलन गर्नु पर्नेछ ।

३. कवाडी मालवस्तुको दररेट मायादेवी गाउँपालिकाको आर्थिक ऐन-२०८३ अनुसार रहनेछ । कवाडीकर सङ्कलन गरेवापतको मू.अ.कर तथा आयकर व्यवसायी स्वयमले किस्ता रकमसँग अग्रिम बुझाउनुपर्नेछ ।

४. ठेक्का अवधि २०८४ असार मसान्तसम्म रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत